२८ श्री बोलाराम कार्लोला – खरिदार
२९ – श्री अमर राम कालायोकी – ,, –
३० – श्री हरिश लिम्बु – ना.सु.

प्रस्तावहरु

१– कक्षा ५ र ८ को परीक्षा संचालन सम्बन्धमा
२– सामाजिक परिचालकहरुको सेवा करार अनुमोदन सम्बन्धमा
३– "घ" वर्गको निर्माण व्यावसायीको इजाजत प्रमाण-पत्र दर्ता र नविकरण सम्बन्धमा ।
४– ब्याकहोलोडर संचालन सम्बन्धमा ।
५– कार्यालयको लागी चौकीदार सेवा करार लिने सम्बन्धमा
६– कार्यालय परिसरमा सवारी साधन पार्किङ शाला निर्माण सम्बन्धमा ।
७– आ. व. ०७४।०७५ को लागी गैरसरकारी संस्थाहरुलाई परामर्शदाताको रुपमा लिई कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा ।
८– डि पि आर तयार गर्ने सम्बन्धमा ।
९– प्राविधिक फिल्ड भत्ता सम्बन्धमा
१०– जग्गा खरिद सम्बन्धमा ।
११– सर्पदंश उपचार केन्द्र स्थापना सम्बन्धमा
१२– वडा कार्यालय संचालन सम्बन्धमा
१३– बालविवाह मुक्त गाउँ सम्बन्धमा

निर्णयहरु

१– प्रस्ताव नं १ माथि छलफल गर्दा कक्षा ८ र ५ को नगरपालिका स्तरीय परिक्षा संचालन सम्बन्धि सम्पूर्ण जिम्मेवारी परीक्षा संचालन सहयोग समितिलाई दिनुको साथै कक्षा ८ को परिक्षा व्यावस्थापनका लागी जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने परिक्षा संचालन खर्च नगरशिक्षा शाखाले पेश्की लिई कार्य गर्ने निर्णय गरियो ।

२ – प्रस्ताव नं २ माथि छलफल गर्दा सामाजिक परिचालकहरुको सेवा करार अनुमोदन सम्बन्धमा यस नगर कार्यपालिकाको मिति २०७४।१०।१९ गतेको निर्णय नं ६ बमोजिम विगत देखि काम गर्दै आएका ७ जना सामाजिक परिचालकहरुलाई सामाजिक परिचालन कार्यक्रम बनाई २०७४ ।१०।१ गते देखि २०७५ आषाढ मसान्त सम्म सेवा करार गरि काममा लगाइएकोमा सेवा करार अनुमोदन